**"कृषि र पर्यटनमा आधारित समृद्ध मोलुङ"**

**आ व २०८२/२०८३ को वार्षिक नीति तथा कार्यक्रम**

मोलुङ गाउँपालिकाका उपाध्यक्षज्यू, वडा अध्यक्षजयूहरू, गाउँ सभाका सदस्यज्यूहरू, राष्ट्र सेवक कर्मचारी मित्रहरू, सुरक्षा निकायका प्रतिनिधिज्हयूरू, पत्रकार मित्रहरू तथा उपस्थित सम्पूर्ण बुवा, आमा, दाजुभाइ तथा दिदीबहिनीहरू,

यस गौरवपूर्ण सभामा म मोलुङ गाउँपालिकाको अध्यक्षको हैसियतले आर्थिक वर्ष २०८२/०८३ का लागि तयार पारिएको वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्दैछु । यस ऐतिहासिक अवसरमा, नेपाली नागरिकहरूले लोकतन्त्रको स्थापनाका लागि गरेका विभिन्न चरणका राजनीतिक आन्दोलन, जनआन्दोलन, सशस्त्र सङ्घर्षमा अमूल्य जीवन उत्सर्ग गर्नु भएका सम्पूर्ण ज्ञातअज्ञात उनीहरूप्रति म भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै, सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना र राजनैतिक परिवर्तनमा योगदान पुऱ्याउनु हुने महान नेतागण, बौद्धिक व्यक्तित्व, नागरिक समाज तथा सम्पूर्ण मुलुकवासीप्रति गहिरो सम्मान र कृतज्ञता व्यक्त गर्दछु । मोलुङ गाउँपालिकाको वर्तमान सरकार "समृद्ध मोलुङ, सुखी मोलुङवासी" भन्ने मूल नाराका साथ सुशासन, सामाजिक न्याय, समावेशिता र दिगो विकासका आधारमा गाउँपालिकाको आर्थिक तथा सामाजिक रुपान्तरणमा कटिबद्ध छ । साथसाथै, मोलुङ वासी जनताको सुख र सम्मुन्तिका लागि जनतामा रहेको राज्य प्रतिको आशा र भरोसा जगाउने गरी सरकारले आफ्नो नीति तथा कार्यक्रम कार्यान्वियन गर्दै आएको कुरा पनि स्मरण गर्न चाहन्छु । मोलुङ गाउँपालिकाले लोकतन्त्रका आधारभूत मूल्य-मान्यताहरूलाई शिरोधार्य गर्दै आएको छ । गाउँपालिका खुला र समावेशी समाज, मानव अधिकारको सम्मान, सामाजिक न्यायको स्थापना, सहकारिता र सहअस्तित्वको सिद्धान्त, तथा समन्वयको भावनालाई आत्मसात् गर्दै अघि बढेको छ । यसले विधिको शासनप्रति पूर्ण प्रतिबद्धता जनाउँदै लोकतन्त्रलाई सामाजिक जीवन पद्धतिका रूपमा स्थापित गर्न निरन्तर प्रयत्न गरिरहेको छ । मोलुङ गाउँपालिकाको उद्देश्य पनि शासकीय व्यवस्थामा आएको परिवर्तनको सकारात्मक अनुभूति सबै मोलुङवासीले गर्न सकुन् भन्ने हो, जसका लागि गाउँपालिका सधैँ सचेत र क्रियाशील रहेको छ ।

मोलुङ गाउँपालिकाले मोलुङ गाउँपालिकाको लक्ष्य " कृषि र पर्यटनमा आधारित समृद्ध मोलुङ" हासिल गर्ने र सम्पूर्ण मोलुङवासीको साझा फूलबारीका रूपमा विकसित गर्ने दूरगामी लक्ष्य निर्धारण गरिएको छ । यस लक्ष्यलाई साकार पार्न गाउँपालिकाले सामूहिक भावना र सहकार्यलाई प्रमुख आधार मानेको छ । यस बृहत् अभियानमा समस्त राजनीतिक दलहरू, बुद्धिजीवी वर्ग, अनुभवी समाजसेवीहरू, भलाद्मी व्यक्तित्वहरू, निजी क्षेत्रका प्रतिनिधिहरू, क्रियाशील नागरिक समाज, जिम्मेवार सञ्चार जगत, सुरक्षा निकाय र मोलुङ गाउँपालिकाका सम्पूर्ण शुभचिन्तकहरूको निष्ठावान् साथ र सहयोगको अपेक्षा गरिएको छ । यी सबै सरोकारवालाहरूको संयुक्त पहल, समन्वय र सक्रिय सहभागिताबाट मात्रै गाउँपालिकालाई न्यायपूर्ण, समावेशी र समृद्ध बनाउन सकिनेछ, जहाँ प्रत्येक मोलुङवासीले अपनत्व महसुस गर्न सकून् र आफ्नो भविष्य उज्ज्वल देख्न सकून् भन्ने अपेक्षा गरेको छु ।

**माननीय सदस्यज्यूहरू,**

सर्वप्रथम, म आर्थिक वर्ष २०८१/०८२ मा मोलुङ गाउँपालिकाले हासिल गरेका प्रमुख उपलब्धिहरू यस गरिमामय सभासमक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**कृषि विकास र विशिष्टीकृत पकेट क्षेत्रहरूको स्थापना**

मोलुङ गाउँपालिकाले कृषिको सम्भाव्यता, स्थानीय आवश्यकता र प्राविधिक उपयुक्तताका आधारमा 'एक वडा एक उत्पादन' को नीतिलाई मूर्तरूप दिएको छ। यसै क्रममा, गाउँपालिकाको वडा नं. ६ र ८ मा करिब ४० रोपनी क्षेत्रफलमा किबी खेती विस्तार गरिएको छ। साथै, कृषकहरूको प्रत्यक्ष मागलाई सम्बोधन गर्दै फलफूल बगैँचा निर्माण कार्यक्रमअन्तर्गत करिब २० रोपनीमा विभिन्न फलफूलका बगैँचाहरू स्थापनाको सूरुवात गरेको छ । स्थानीय उत्पादनको विशिष्टतालाई मध्यनजर गर्दै, मोलुङ गाउँपालिकाको वडा नं. १ (थापाचौर क्षेत्र) लाई सुन्तला पकेट क्षेत्र तथा वडा नं. १ (फागुनेटार, ढकाल गाउँ क्षेत्र) लाई तरकारी पकेट क्षेत्रका रूपमा घोषणा गरी विशेष कार्यक्रमहरू सञ्चालन गरिएका छन्।

**पर्यटन प्रवर्द्धन र पूर्वाधार विकास**

गाउँपालिकालाई आर्थिक रूपमा समुन्नत बनाउने दीर्घकालीन सोचका अनुसार आ.व. २०८१/०८२ को संघीय समपूरक अनुदान प्रयोग गरी सेप्ली झर्ना पर्यटकीय पूर्वाधार निर्माण कार्य तीव्र गतिमा अघि बढिरहेको छ । कुन्तादेवी गढिको सौन्दर्यता तथा त्याहाको पर्यटकिय सम्बाव्यता र ऐतिहासिकतालाई सम्वर्धन गर्न वाटर पर्क निर्माण, मुख्य सडक देखि कुन्तादेवी मन्दिर सम्मको सडकलाई ढलान गर्ने कार्य सम्पन्न गरिएको छ। गाउँपालिकावाट सदरमुकाम जोड्ने सडकको स्तरउन्नतीको कार्य तिब्र गतिमा अघाडि बढि रहेको छ । चौतारा डेलिकाट्ने सडकको माध्यमवाट वडा नं. ३-६ जोड्ने छोटो सडकको स्थापना भएको छ । गाउँपालिकाले नमुना स्वरुप कभडहलको निर्माण कार्य अन्तिम चरणमा पुर्याएको छ । गाउँपालिकाको गौरवको रुपमा रहेको गाउँपालिकाको आफ्नै प्रशासकीय भवन निर्माणको कार्य अन्तिन चरणमा पुगेको छ ।

**नवजात शिशुका लागि सामाजिक सुरक्षा र बचत कार्यक्रम**

मोलुङ गाउँपालिका भित्रका नवजात शिशुहरूको उज्ज्वल भविष्य निर्माणमा सहयोग पुर्याउन तथा संविधानप्रदत्त मौलिक हकलाई सुनिश्चित गर्न सामाजिक सुरक्षा कोषको अवधारणालाई सरलीकरण बनाउने उद्देश्यले आ.व. २०७९/०८० बाट सञ्चालनमा ल्याइएको नवजात शिशुहरूको नोमिनल खाता सञ्चालन कार्यक्रम अन्तर्गत आ.व. २०८१/०८२ मा यस गाउँपालिकामा जन्मिएका हाल सम्म २३३ जनाभन्दा बढी नवजात शिशुहरूको खाता खोली प्रति शिशु एकपटकका लागि रु. ५,००० का दरले रकम जम्मा गरिएको छ । यसले शिशुहरूको प्रारम्भिक बचतलाई प्रोत्साहन गर्दै भविष्यका लागि आधार तयार गरेको छ।

**विशेषज्ञ स्वास्थ्य सेवा**

गाउँपालिकाले विशेषज्ञ सहितको २ दिने बृहत्त स्वास्थ्य सिविर आयोजना गरि विशेषज्ञ सेवा वाल, मुटु, नाक कान घाटी, सामान्य चिकित्सा, निशुल्क स्वास्थ्य परिक्षण तथा औषधी वितरण कार्यक्रम सम्पन्न गरेको छ । साथै, जेष्ठ नागरिक तथा स्वास्थ्य सेवाको पहुँचबाट वञ्चित नागरिकहरूलाई लक्षित गर्दै टोलटोलमा नै पुगेर स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले नियमित रूपमा विशेषज्ञसहितको घुम्ती स्वास्थ्य सेवा शिविर सञ्चालन निरन्तर गरिएको छ। यसरी सञ्चालन गरिएका शिविरहरूमा उच्च रक्तचाप, मधुमेह लगायतका गैर-संक्रामक रोगहरूको निःशुल्क परीक्षण गरिनुका साथै आवश्यक औषधि वितरण र थप उपचारका लागि प्रेषण (Referral) सेवा समेत उपलब्ध गराइएको छ, जसले ग्रामीण क्षेत्रका नागरिकहरूलाई सहज स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गरेको छ। नागरिकको सामान्यतय सवै प्रकारका स्वास्थ्य परिक्षण हुने गरि रामपुर स्वास्थ्य चौकीमा ल्यावको स्थापना गरिएको छ ।

**भौतिक पूर्वाधारमा उल्लेख्य प्रगति र गुणस्तर सुनिश्चितता**

२०८१ साल श्रावण १६ गतेको विपदबाट क्षति पुगेको सडक नेवारे जेसे सेप्लि सडक खडको पुनर्निर्माण गरिएको छ साथै प्रशासनिक कार्यलाई थप व्यवस्थित र प्रभावकारी बनाउन गाउँपालिकाको प्रशासकीय भवन निर्माण कार्य ठेक्का प्रक्रियामार्फत प्राथमिकताका साथ तीव्र गतिमा अघि बढिरहेको छ। यसका साथै, गाउँपालिकाभित्र सञ्चालित पुँजीगत तर्फका योजनाहरू मध्ये ९५% भन्दा बढी योजनाहरू सफलतापूर्वक सम्पन्न भई गुणस्तर कायम गरिएको छ, जसले विकास निर्माणमा गाउँपालिकाको प्रतिबद्धता र पारदर्शितालाई झल्काउँछ।

**स्वास्थ्य बीमामा गाउँपालिकाको अपनत्व र सामाजिक न्याय**

गाउँपालिकाले अपाङ्गता भएका व्यक्तिहरू तथा अति विपन्न परिवारका लागि स्वास्थ्य बीमा कार्यक्रमलाई आफ्नो पूर्ण स्वामित्वमा राखी सञ्चालन गरेको छ। यस नीतिले आर्थिक रूपमा कमजोर र सीमान्तकृत समुदायका नागरिकहरूलाई गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्न महत्त्वपूर्ण भूमिका खेलेको छ, जसले सामाजिक न्यायको सिद्धान्तलाई व्यवहारमा उतारेको छ ।

**प्रमुख पूर्वाधार परियोजनाहरूको प्रगति**

पहिरे खोलामा निरन्तरको वाढिले पुर्‍याउने अवरोध र वाढीले वाटोमा भएको स्थायी समस्याको समाधान गर्ने हामी मोलुङ वासिको प्रयास अव नतिजा नजिक पुगेको छ। पहिरे खोलामा मोटरेवल पुल निर्माणको लागि ठेक्का प्रक्रिया अगाडि वढेको छ। यसै गरी मोलुङ गाउँपालिकाको वडा नं. ५ र ८ जोड्ने त्रिवेणीमा दिप्ली सतिघाट मोटरेवल पुलको ठेक्का प्रकृयामा रहेको छ।मोलुङ गाउँपालिकाको वडा नं. ६ (खोला खर्क) र वडा नं. ७ (बाख्रे) जोड्ने मोटरेबल पुल निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन (DPR) सफलतापूर्वक तयार भइसकेको छ। यो पुल निर्माणले यी दुई वडाबीचको यातायात सम्पर्कलाई सहज बनाउनुका साथै स्थानीय आर्थिक गतिविधिमा टेवा पुर्याउने अपेक्षा गरिएको छ। यी परियोजनाहरूले गाउँपालिकाको समग्र भौतिक पूर्वाधार विकासमा दीर्घकालीन योगदान पुर्याउनेछन्।

**उपस्थित महानुभावहरु,**

अब म यस गाउँपालिकाको आ.व २०८२/०८३ को **आर्थिक विकास** तर्फको बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**कृषि, पशुपन्छी तथा सहकारी कार्यक्रम**

मोलुङ गाउँपालिका प्राकृतिक विविधता, जैविक बहुलता, तथा भौगोलिक रूपले समृद्ध पालिका हो। यहाँ तराईका उष्ण-मनसुनीदेखि हिमाली तथा मध्य-लेकाली हावापानी पाइने विविध जलवायुका कारण कृषिमा अपार सम्भावना रहेको छ। परम्परागत कृषि प्रणालीलाई वैज्ञानिक तथा व्यवसायिक विधिमा रूपान्तरण गर्दै, उत्पादनमुखी, निर्यातमुखी र आत्मनिर्भर कृषितर्फ उन्मुख हुने दीर्घकालीन नीति पालिकाले अवलम्बन गरेको छ।

**कृषि क्षेत्रको रूपान्तरण र आधुनिकीकरण**

- पर्यटन, कृषि र घरेलु तथा साना उद्योगमार्फत आर्थिक अवसर सिर्जना हुने गरी स्थानीय तहको केन्द्रमा मोलिक पहिचान र सौन्दर्यीकरण सहितको व्यवस्थित सहर निर्माण गर्न प्रोत्साहन गरिने छ।
- जलवायु, माटो, भूगोल तथा जनशक्तिका आधारमा **"एक वडा एक उत्पादन"** नीति अनुसार कृषिलाई क्षेत्रगत विशेषज्ञतामा रूपान्तरण गरिनेछ। यस अन्तर्गत:
    - वडा नं. ६ र ८ मा सुरु गरिएको **किवी खेती कार्यक्रम**लाई थप व्यवस्थित गर्दै विस्तार गरिनेछ।
    - बाँकी वडाहरूमा **माटो अनुकूल फलफूल खेती कार्यक्रम** संचालन गरिनेछ।
- **कृषिमा आत्मनिर्भरता** हासिल गर्न पालिकाबाट उत्पादित वस्तुको **बजारिकरण तथा निर्यातमा कर छुटको नीति** लागू गरिनेछ।
- **पालिका स्तरिय कृषि फार्म स्थापना**का लागि ३०० रोपनीभन्दा बढी जमिन भाडामा लिएर **आधुनिक कृषि फार्म संचालन**को प्रक्रिया अगाडि बढाइनेछ।
- **बाँझो जमिन राख्न नपाइने नीति** कार्यान्वयन गरिनेछ। यस्ता जमिनलाई उत्पादनमा ल्याउने कृषकलाई विशेष अनुदान तथा प्रदेश र संघीय सरकारबाट सिफारिस गरिनेछ।
- **उत्पादनमुखी कृषि अनुदान** कार्यक्रमलाई परिणाममा आधारित बनाई निरन्तरता दिइनेछ।
- **बेमौसमी तथा जैविक कृषि उत्पादन**लाई प्रवर्द्धन गरी, **प्राङ्गारिक मल उत्पादन** तथा रासायनिक मलको वैकल्पिक प्रयोगका लागि सम्भाव्यता अध्ययन गरिनेछ।

**प्राविधिक सहायता तथा तालिम**

- **वैदेशिक रोजगारीबाट फर्किएका युवा**लाई कृषि क्षेत्रमा आवद्ध गराउन व्यावसायिक तालिम तथा व्यवसाय प्रारम्भका लागि प्रोत्साहन गरिनेछ।
- **कृषक समूहको दर्ता तथा व्यवस्थापन प्रणाली**लाई वस्तुनिष्ठ र पारदर्शी बनाउँदै, **सक्रिय कृषक समूहहरू**लाई सशक्त बनाइनेछ।

**उत्पादन तथा विविधिकरण**

- खाद्यान्न उत्पादनसँगै **फलफूल, मसला बाली (अलैंची, अकबरे, अदुवा, बेसार), माछा तथा मौरी पालन**मा लगानी वृद्धि गरिनेछ।
- **आलुको भण्डारणका लागि Rustic Store** निर्माण गरिनेछ।
- **कृषि औजार, उन्नत जातका बीउ, बिजन तथा उपकरणहरू** सहुलियत दरमा कृषकलाई उपलब्ध गराइनेछ।
- **बाली बिरुवामा लाग्ने कीरा तथा रोग नियन्त्रण** गर्न बाली उपचार कार्यक्रम विस्तार गरिनेछ।
- **रैथाने तथा स्थानीय जातका बीउको संरक्षण र प्रवर्द्धन**का लागि बीउ बैंक स्थापना गरिनेछ, जुन राष्ट्रियस्तरसम्म विस्तार गरिनेछ।

**पशुपालन तथा पशु स्वास्थ्य**

- **दुध, फूल, माछा तथा मासुमा आत्मनिर्भरता** प्राप्त गर्न पशुपालन व्यवसायको व्यवसायीकरण गरिनेछ।
- **बाख्रा पकेट क्षेत्र तथा बाख्रा मिसन कार्यक्रम** अन्तर्गत डाले घाँस, भुइँघाँस, च्याप क्वाट वितरणजस्ता कार्यक्रम सञ्चालन गरिनेछ।
- **पशु नश्ल सुधार कार्यक्रम** अन्तर्गत कृत्रिम गर्भाधान, उन्नत जातका बोका, साँढे, बीर, राँगा वितरण गरिनेछ।
- **पशु ल्याब स्थापना** गरी रोग परीक्षण, परजीवी व्यवस्थापन तथा अन्य पशुजन्य सेवाहरू सञ्चालन गरिनेछ।
- **बधशाला तथा पशुबजार व्यवस्थापन**का लागि आवश्यक पूर्वाधार निर्माण गरिनेछ।

**सहकारी प्रणाली**

- **सहकारीमार्फत व्यवसायिक कृषि, घरेलु तथा साना उद्योग स्थापना** गरी नागरिकको जीवनस्तर सुधार गरिनेछ।
- गाउँपालिकामा कार्यक्षेत्र रहेका सहकारीहरूको एकीकरण तथा समन्वय गरी **"सहकारी-सहकार्य" नीति** कार्यान्वयन गरिनेछ।
- **कृषिमा आधारित सहकारी समूह** गठन तथा परिचालनमा प्रोत्साहन दिइनेछ।
- सम्पूर्ण सहकारी संस्थाहरूलाई **KoPoMIS प्रणालीमा अनिवार्य रुपमा आबद्ध** गरिनेछ।
- कृषि उत्पादनको **ठूला सहरमा सहकारीमार्फत बजारिकरण** प्रणाली विकास गरिनेछ।

## संस्कृति तथा पर्यटन

### पर्यटन प्रवर्द्धन तथा पूर्वाधार विकास

मोलुङ गाउँपालिका प्राकृतिक सौन्दर्य, सांस्कृतिक विविधता र ऐतिहासिक महत्त्वले भरिपूर्ण छ। पर्यटकीय दृष्टिकोणले यहाँका जलप्रपात, धार्मिक स्थल, पुरातात्त्विक क्षेत्र, हिमाली पदमार्ग र बौद्धिक सम्पदाले भरिएका संरचनाहरू स्थानीय तथा बाह्य पर्यटकका

लागि आकर्षणको केन्द्र बन्नसक्ने ठूलो सम्भावना बोकेको छ। यसलाई व्यवस्थित गरी **पर्यटन क्षेत्रलाई स्थानीय आर्थिक वृद्धि, रोजगारी सिर्जना र सांस्कृतिक पहिचानको स्रोत बनाउने उद्देश्य**का साथ निम्न कार्यक्रमहरू कार्यान्वयन गरिनेछ:

**सेप्ली झरनाको विकास**

- **सेप्ली झरनाको सौन्दर्य अभिवृद्धि तथा पर्यटकीय पूर्वाधार निर्माण** गरिनेछ।
- **क्यानोइङ (Canoeing) खेलको सम्भाव्यता अध्ययन** गरिनेछ।
- झरनासँग जोडिएका स्थानहरुमा **होमस्टे व्यवसाय सञ्चालनका लागि तालिम** प्रदान गरिनेछ।
- **सेप्ली झरना पर्यटन महोत्सव** यसै आर्थिक वर्षमा भव्य रूपमा आयोजना गरिनेछ।

**धार्मिक तथा सांस्कृतिक सम्पदाको संरक्षण र प्रवर्द्धन**

- गाउँपालिकाभित्र रहेका **मन्दिर, देवीस्थान, गुम्बा**हरूलाई संरक्षण, मर्मत तथा सम्वर्द्धन गरिनेछ।
- **बुङनामगढी कुन्तादेवी, जलजलेश्वर त्रिवेणी धाम, मंसिरे गुम्बा, पत्ताले पार्क, तिनतले डाँडा, काभ्रे छाँगा** लगायत धार्मिक, ऐतिहासिक तथा पर्यटकीय महत्त्वका क्षेत्रहरूको संरक्षण तथा विकास गरिनेछ।
- ती स्थानहरूलाई **धार्मिक तथा सांस्कृतिक पर्यटन केन्द्रको रूपमा विकास** गर्न आवश्यक भौतिक पूर्वाधार (सडक, खानेपानी, विश्राम गृह, सूचनापाटी आदि) निर्माण गरिनेछ।
- कुन्तादेवी मन्दिरमा कुन्तादेवी महोत्सव यसै आर्थिक वर्षमा भव्य रुपमा आयोजना गरिनेछ ।

**पदमार्ग र लघु गन्तव्य विकास**

- **थानी ढुंगा - रामपुर मार्गलाई छोटो दुरीको पर्यटकीय पदमार्ग**को रूपमा विकास गरिनेछ।
- पदमार्गमा **विश्रामस्थल, पाँचकन्या, दृश्यावलोकन टावर** आदि पूर्वाधार निर्माण गरिनेछ।

**सम्भाव्यता अध्ययन र दीर्घकालीन योजना**

- गाउँपालिकाका सम्भावित स्थानहरूमा **बौद्ध गुम्बा, स्तूप तथा शान्ति पार्क निर्माणका लागि सम्भाव्यता अध्ययन** गरिनेछ।
- भविष्यमा पर्यटकको आकर्षण हुने स्थानको पहिचान गरी **स्थानीय योजना मार्फत विकास** गरिनेछ।
- तीनतले क्षेत्रलाई पर्यटकीय तथा जडिवुटी विकासका लागि अधययन गरिने छ ।

**जीवित सङ्ग्रहालय (Live Museum) अवधारणामा आधारित पर्यटन**

- **स्थानीय कला, संस्कृति, भेषभूषा, परम्परा र जीवनशैलीलाई प्रदर्शित गर्ने जीवित सङ्ग्रहालय अवधारणामा आधारित होमस्टे व्यवसाय** सञ्चालनका लागि तालिम र आवश्यक सहयोग उपलब्ध गराइनेछ।

**सांस्कृतिक पर्यटन महोत्सव**

- स्थानीय संस्कृति, परम्परा, खाना, नाचगान, कला, हस्तकला आदिको प्रदर्शन र प्रवर्द्धन गर्न **बृहत् सांस्कृतिक पर्यटन महोत्सवको आयोजना** गरिनेछ, जसको तयारी यसै आर्थिक वर्षदेखि थालनी गरिनेछ।

## उद्योग तथा वाणिज्य

### उद्योग तथा वाणिज्य लघु उद्यम प्रवर्द्धन कार्यक्रम

मोलुङ गाउँपालिकाको आर्थिक रूपान्तरणका लागि **स्थानीय श्रम, सीप, स्रोत र प्रविधिको अधिकतम उपयोग** गर्दै **लघु, घरेलु तथा कुटीर उद्योगहरूको विकास** र **स्थायी रोजगारी सृजना** गरिनेछ। यस उद्देश्यका लागि निम्न कार्यक्रमहरू कार्यान्वयन गरिनेछन्:

**श्रीचौर उद्योग ग्राम सञ्चालन**

- तालिम प्राप्त सहभागीहरुको समूहलाई सामुहिक उद्योग व्यवस्थापन सञ्चालन गर्न प्रोत्साहन गरिने छ ।
- वडा नं. ६ श्रीचौरमा निर्माणाधीन उद्योग ग्रामको पूर्वाधार अन्तिम चरणमा पुगेको हुँदा चालू आर्थिक वर्षभित्र उद्योग ग्राम सञ्चालनमा ल्याइनेछ।
- उद्योग ग्राममा प्रारम्भिक चरणमा कम्तीमा १० वटा स्थानीय कच्चा पदार्थमा आधारित लघु उद्योग स्थापना गरिनेछ (जस्तै: अदुवा प्रशोधन, मौरीपालन उत्पादन प्याकेजिङ, बाँस तथा माटोको हस्तकला)।
- उद्योग ग्राममा विद्युत्, पानी, गोदाम, यातायात सुविधा, प्रशासनिक कक्ष तथा सीप तालिम केन्द्र स्थापना गरिनेछ।
- MEDPA कार्यक्रम अन्तर्गत बेरोजगार युवालाई व्यवसाय योजना निर्माण, व्यवस्थापन, लेखा तथा उद्यमशीलताको तालिम दिइ आत्मनिर्भर बन्न प्रेरित गरिने छ ।
- महिला, दलित, विपन्न, अपांगता भएका व्यक्ति तथा वैदेशिक रोजगारबाट फर्केका युवाहरूलाई प्राथमिकता साथ आत्मनिर्भर हुने प्रकृतिका तालिमहरु दिइनेछ।
- स्थानीय स्तरमा सञ्चालन हुने उद्योग/उद्यममार्फत **कम्तीमा २०० जना युवालाई प्रत्यक्ष वा अप्रत्यक्ष रोजगारीमा आवद्ध गराउने** लक्ष्य लिइनेछ।
- १०० घरधुरीलाई **घरेलु आधारित उद्यम (जस्तै: अचार बनाउने, धागो बुन्ने, जडिबुटी प्याकेजिङ) मार्फत पारिवारिक आम्दानी वृद्धिको अवसर** प्रदान गरिनेछ।

**बजार अनुगमन तथा उपभोक्ता संरक्षण**

- **महिनामा एक पटक बजार अनुगमन गरी कालोबजारी, म्याद गुज्रिएका वस्तु, मूल्यवृद्धि तथा मापदण्ड विपरीत व्यापार गर्ने व्यवसायहरूलाई निगरानी** गरिनेछ।
- **स्थानीय उपभोक्ता अधिकार समितिको गठन** गरी अनुगमनलाई प्रभावकारी बनाउन अनुगमनमा नै सहभागी बनाइनेछ।

**जडिबुटी र कागज उद्योगको प्रवर्द्धन**

- **औषधिजन्य जडिबुटी (जस्तै: मछिनो, चिराइतो, जटामसी, सतवार, पाखनवेद) को अध्ययन, संरक्षण र व्यवसायिक उत्पादन** गर्न अध्ययनको थालनी गरिनेछ।
- **नेपाली कागज उत्पादनका लागि कच्चा पदार्थ (लोक्टा) उत्पादन तथा प्रशोधन गर्ने एक पाइलट परियोजना वडा नं. ६ वा ७ मा सञ्चालन गरिनेछ।**

**वित्तीय क्षेत्र र वित्तीय व्यवस्थापन**

• सार्वजनिक खर्चलाइ परिणाममुखी बनाउन चालु खर्चलाई वाञ्छित सीमाभित्र राख्दै आर्थिक तथा सामाजिक क्षेत्रमा दीर्घकालीन लाभ पुऱ्याउने गरी पूँजीगत खर्च वृद्धि गर्दै लगिने छ ।

• साना आयोजनालाई बजेट विनियोजन गर्ने प्रवृत्तिलाई निरुत्साहित गरिने छ ।

• बैंक तथा वित्तीय संस्थासँग सहकार्य गरी गाउँगाउँमा घरदैलो सेवा, मोबाइल बैङ्किङ शिविर तथा खाता खोल्ने अभियान सञ्चालन गरिनेछ।

• 'एक व्यक्ति, एक बैंक खाता' अभियान सञ्चालन गरिनेछ, जसअन्तर्गत प्रत्येक नागरिकको नाममा कम्तीमा एकवटा बैंक खाता खोलिने व्यवस्था गरिनेछ।

• प्रत्येक वडा र माध्यमिक विद्यालयहरूमा वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ, जसमा बचत, बीमा, ऋण व्यवस्थापन, डिजिटल कारोबार, साइबर सुरक्षा जस्ता व्यवहारिक सीप प्रदान गरिनेछ।

• वैदेशिक रोजगारीबाट फर्किएका युवा तथा महिला उद्यमीहरूलाई न्यून ब्याजदरमा ऋण उपलब्ध गराउन बैङ्कहरूसँग सहजीकरण गरिनेछ।

• कृषि, पशुपालन, पर्यटन, घरेलु तथा लघु उद्योग लगायतका उत्पादनशील क्षेत्रमा वित्तीय संस्थाबाट लगानी आकर्षित गर्ने नीति अवलम्बन गरिनेछ।

• सार्वजनिक खर्चमा मितव्ययी नीतिको पालना गरिनेछ, दोहोरो खर्च नियन्त्रण र उच्च प्राथमिकताका क्षेत्रलाई बजेट विनियोजन गरिनेछ।

• आन्तरिक लेखा परीक्षण प्रणालीलाई थप व्यवस्थित र प्रभावकारी बनाइनेछ, लेखा पारदर्शिता र उत्तरदायित्व सुनिश्चित गरिनेछ।

• लेखा प्रणालीलाई कम्प्युटर प्रणालीमा रूपान्तरण गरी स्वचालित अनुगमन प्रणाली (Audit Trail System) लागू गर्ने सम्भाव्यता अध्ययन गरिनेछ।

**उपस्थित महानुभावहरू,**

अब म यस मोलुङ गाउँपालिकाको आ.व २०८२/०८३ को सामाजिक विकास तर्फको बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

**शिक्षा**

• गाउँ शिक्षा योजनामा तय गरिएका कार्ययोजना अनुसार विद्यार्थी सङ्ख्याको वृद्धिदर, शैक्षिक नतिजा, पूर्वाधार आवश्यकता, शिक्षक दरबन्दी, तालिम योजना, डिजिटल पहुँच र सामुदायिक सहभागिता समेटिनेछ।

• SEE परीक्षामा सर्वोत्कृष्ट अंक ल्याउने छात्रछात्रालाई नगद पुरस्कार, प्रशंसा पत्रसहित सम्मान सहित हौसला प्रदान गरिनेछ र उच्च शिक्षाको लागि समते सहजिकरण गरिनेछ ।

• विद्यालय नर्सिङ सेवालाई बाँकी विद्यालयहरूमा पुऱ्याउन प्रदेश सरकारसँग आवश्यक पहल गरिने छ ।

• इन्टरनेट सेवा जडान भएका विद्यालयहरूमा कम्प्युटर ल्याब स्थापना, डिजिटल बोर्ड तथा अनलाइन शिक्षण प्रणालीको उपयोग विस्तार गरिनेछ। त्यसका लागि आवश्यक नेटवर्क मर्मत तथा अपग्रेड कार्य पालिकाले समन्वयमा गरिनेछ।

• प्राविधिक शिक्षामा भवन, प्रयोगशाला उपकरण, तालिम प्राप्त शिक्षक, पाठ्यक्रम परामर्श र OJT (On the Job Training) को व्यवस्था गरी दुई विद्यालयलाई प्राविधिक शिक्षा उत्कृष्ट केन्द्र बनाइनेछ।

• परीक्षा प्रणालीमा सुधार गर्दै सबै विद्यालयमा अनलाइन नतिजा व्यवस्थापन प्रणाली, उत्तरपुस्तिकाको गोपनीय मूल्यांकन प्रणाली, निष्पक्ष निरीक्षण टोली गठन गरी बस्तुनिष्ठता कायम गरिनेछ।

• निरीक्षण तथा सुपरिवेक्षण प्रणालीमा पालिका, शिक्षा शाखा, PTA (अभिभावक शिक्षक संघ), र SMCS (विद्यालय व्यवस्थापन समिति) को संयुक्त सहभागिता रहनेछ।

• विद्यार्थीको प्रतिभा पहिचान गर्न हरेक विद्यालयमा वर्षमा कम्तिमा दुईपटक अतिरिक्त क्रियाकलाप (कला, खेलकुद, वक्तृत्व, विज्ञान मेला) सञ्चालन गरिनेछ।

• जनप्रतिनिधि, शिक्षक र कर्मचारीका छोराछोरी सामुदायिक विद्यालयमा अनिवार्य भर्ना गर्न सार्वजनिक घोषणा र अभिभावक संवाद कार्यक्रममार्फत वातावरण निर्माण गरिनेछ।

• छात्रवृत्ति प्रणालीमा बालिका, अपांगता भएका विद्यार्थी, दलित, जनजाति, विपन्न परिवारका बालबालिकालाई लक्षित गर्दै समान पहुँच सुनिश्चित गरिनेछ।

• शहीद आदर्श क्याम्पसलाई M.Ed. र MBS स्नातकोत्तर कार्यक्रम सञ्चालनको लागि आवश्यक दरबन्दी, पाठ्यक्रम स्वीकृति, कक्षा कोठा र पुस्तकालय सुधार गरी प्रदेश र केन्द्र सरकारसँग समन्वय गरिनेछ।

• विद्यालयको भौतिक संरचना भूकम्प प्रतिरोधी डिजाइनमा निर्माण गरिनेछ। शौचालय, खानेपानी, र्याम्प जस्ता अपांगमैत्री सुविधा सबै विद्यालयमा अनिवार्य गरिनेछ।

• शर्तसहितको अनुदानलाई विद्यालयमा विद्यार्थीकै संख्याको आधारमा वितरण गरिनेछ। यसका लागि मूल्याङ्कन चक्र (evaluation cycle), मासिक प्रगति विवरण अनिवार्य गरिनेछ।

• IE-MIS प्रणाली मा हरेक विद्यालयको डेटा नियमित अद्यावधिक गरिनेछ, र त्यसकै आधारमा बजेट वितरण तथा नीति निर्माण गरिनेछ।

• सरस्वती माविमा वनविज्ञान विषय कक्षा सञ्चालन गर्न शिक्षक दरबन्दी, पाठ्यक्रम अनुमति, प्रयोगशाला निर्माण तथा प्रदेश सरकारसँग समन्वय गरिनेछ।

• माध्यमिक विद्यालयसँग पालिका कार्यक्रम अन्तर्गत शिक्षक सीप विकास, नविन शिक्षण पद्धति, विद्यार्थी नेतृत्व तालिम सञ्चालन गरिनेछ।

• विज्ञान, गणित र अङ्ग्रेजी विषयमा अतिरिक्त कक्षा सञ्चालनका लागि विशेष शिक्षक परिचालन, ट्युटोरियल कक्षा, र गृहकार्य सहायता कार्यक्रमलाई निरन्तरता गरिनेछ।

• वालविकास कक्षाका शिक्षकहरूलाई ३-५ दिनको Montessori विधिमा आधारित दक्षता अभिवृद्धि सम्वन्धी थप तालिम सञ्चालन गरिनेछ।

• स्थानीय पाठ्यपुस्तकहरू कक्षा १-८ सम्मका लागि भाषा, संस्कृति, भूगोल र जीविकोपार्जनसँग सम्बन्धित विषय समावेश गरी क्रमशः कार्यान्वयन गरिनेछ।

• शिक्षकको कार्यसम्पादन मूल्याङ्कन प्रणाली (Performance Based Appraisal System) लागू गरिनेछ, जसअन्तर्गत विषयगत परीक्षा परिणाम, नियमितता, सामुदायिक सहभागिता, तथा क्षमताको आधारमा प्रोत्साहन दिइनेछ।

**स्वास्थ्य**

• प्रत्येक नागरिकले कम्तिमा वर्षमा एक पटक स्वास्थ्य परीक्षण गर्ने व्यवस्था गरिनेछ।

• गाउँपालिकाभित्र आधुनिक प्रयोगशाला (ल्याब) स्थापना भएको छ । यो ल्यावको क्षमता विकास गरी थप व्यवस्थित तथा प्रभावकारी वनाउँदै लगिनेछ ।

• मोलुङ बासीको स्वास्थ्य समस्साको दीर्घकालीन समाधानको लागि गाउँपालिकाको वडा नं २ मा सुविधा सम्पन्न अस्पतालको निर्माण गरी विशेषज्ञ सहितको स्वास्थ्य सुविधा उपलब्ध गराइने छ ।

• आयुर्वेद स्वास्थ्य सेवालाई व्यवस्थित र सबैको पहुँचयोग्य बनाउन आवश्यकता अनुसारको स्थानमा कार्यालय व्यवस्थापन गरिने छ ।

• स्वास्थ्य इकाइलाई व्यवस्थित बनाउन प्रदेश तथा संघीय सरकारसँग समन्वय गरी आवश्यक स्वीकृति लिइनेछ।

• मोलुङ गाउँपालिका भित्र स्वास्थ्य पहुँच अभिवृद्धि गर्न बृहत् स्वास्थ्य शिविरहरू सञ्चालन गरिनेछ।

• बालबालिकाको लागि नियमित खोप, पोषण, भिटामिन 'ए' वितरण कार्यक्रमलाई प्रभावकारी बनाइनेछ।

• खोप केन्द्र भवन स्थापना र पूर्वनिर्मित संरचनाहरूलाई व्यवस्थित गरिनेछ।

• मातृशिशु स्वास्थ्य सुधारका लागि सरकारी तथा गैरसरकारी संस्थाका कार्यक्रमलाई समन्वय गरी परिणाममुखी बनाइनेछ।

• बर्थिङ सेन्टरलाई २४ सै घण्टा सेवा दिने गरी व्यवस्थित गरिनेछ।

• मातृ तथा नवशिशु सेवामा संलग्न नर्सिङ कर्मचारीहरूको क्षमता अभिवृद्धि गरिनेछ।

• पाठेघर खस्ने समस्या भएका महिलाहरूका लागि नियमित रूपमा स्क्रिनिङ क्याम्प सञ्चालन गरिनेछ।

• ज्येष्ठ नागरिक, पूर्ण अपाङ्गता भएका नागरिक र दीर्घरोगीहरूलाई मासिक रुपमा घरमै पुग्ने घुम्ती विशेषज्ञ सेवालाई थप व्यवस्थित र नियमित गरिनेछ।

• नियमित स्थलगत स्वास्थ्य परीक्षण र आवश्यक औषधि स्वास्थ्य चौकी तथा इकाइबाटै वितरण गरिनेछ।

• किशोरीहरूको लागि विद्यालयमै उचित स्वास्थ्य परामर्श सेवा उपलब्ध गराइनेछ।

• किशोर–किशोरीलाई लक्षित प्रजनन् स्वास्थ्य र एकीकृत बालरोग व्यवस्थापन कार्यक्रम सञ्चालन गरिनेछ।

• नेपाल सरकारद्वारा सूचीबद्ध निःशुल्क औषधिहरू वर्षभरि माग अनुसार निःशुल्क उपलब्ध गराइनेछ।

• नेपाल सरकारको स्वास्थ्य बीमा कार्यक्रमलाई प्रभावकारी बनाइने छ।

• ज्येष्ठ नागरिक तथा पूर्ण अपाङ्गता भएका व्यक्तिहरूको बीमाको सुनिश्चितता गरिने छ।

• स्पाइनल इन्जुरी, मृगौला रोगी, डायलासिस तथा क्यान्सर रोगीहरूलाई मासिक भत्ताको व्यवस्थालाई थप प्रभावकारी बनाइने छ ।

• महिला स्वास्थ्य स्वयंसेविकालाई नियमित अभिमुखीकरण तालिम र प्रोत्साहन उपलब्ध गराइने छ ।

• समुदायमा मानसिक स्वास्थ्य सेवाका लागि अभिमुखीकरण तथा मनोसामाजिक परामर्श सेवालाई निरन्तरता दिइने छ।

• मानसिक स्वास्थ्यको लागि नि:शुल्क औषधि निरन्तर उपलब्ध गराइने छ ।

• योग शिविर, नसर्ने रोग नियन्त्रण तथा आयुर्वेद गाउँघर क्लिनिकलाई निरन्तरता दिइने छ।

• योग विज्ञान तथा प्राकृतिक चिकित्सा प्रवर्द्धन गरिने छ।

• महामारी र प्रकोपजन्य रोगहरूको रोकथाम तथा नियन्त्रणका लागि Act Immediate अवधारणा लागू गरिने छ।

**खानेपानी, सरसफाई तथा वातावरण**

- संविधानले प्रत्याभूत गरेको स्वच्छ, सुरक्षित र पर्याप्त खानेपानीको मौलिक हक सुनिश्चित गर्न खानेपानी, सरसफाइ तथा वातावरण क्षेत्रलाई प्राथमिकता दिइने छ।
- खुला दिशामुक्त क्षेत्र घोषणा भइसकेको अवस्थामा त्यसको थप प्रभावकारी कार्यान्वयन गरिने छ।
- स्वस्थ र स्वच्छ वातावरण कायम गर्न विशेष सरसफाइ तथा सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिने छ।
- खानेपानीका मुहानहरूको पहिचान, संरक्षण तथा दर्ता कार्यलाई निरन्तरता दिइने छ।
- खानेपानी सेवा नपुगेका बस्तीहरूलाई विशेष प्राथमिकतामा राखी पूर्वाधार निर्माण तथा व्यवस्थापन गरिने छ।
- बजार क्षेत्रको फोहोरमैला व्यवस्थापनका लागि फोहोर विसर्जन डम्पिङ साइट को व्यवस्था गरिने छ।

- बजार क्षेत्रलाई सफा, सुन्दर तथा व्यवस्थित बनाउन सरसफाइ कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- वन जङ्गलको संरक्षण, जलधार तथा भूसंरक्षण र जलजन्य प्रकोप नियन्त्रणका लागि आवश्यक पहल तथा कार्यक्रमहरू सञ्चालन गरिने छ।
- फोहोरलाई कुहिने र नकुहिने गरी वर्गीकरण गरी उपयुक्त स्थानमा व्यवस्थापन गर्न सहजीकरण गरिने छ।
- सवारीसाधनबाट निष्कासित फोहोरलाई नियन्त्रण गर्न निश्चित स्थानमा व्यवस्थित विसर्जनको व्यवस्था गरिने छ।
- "**एक घर, एक धारा**" नीतिअनुसार खानेपानी पहुँच अभिवृद्धिका साथै दिर्घकालिन लक्ष्य हासिल गर्ने कार्यक्रमहरूलाई निरन्तरता दिइने छ।
- साझेदार संस्थाहरूसँग सहकार्य गरी गाउँपालिका भित्रका खानेपानी आयोजनाहरूलाई व्यवस्थित गरिने छ ।
- **द्वन्द्व व्यवस्थापन**
- विभिन्न कारणबाट सिर्जित सामाजिक विवाद, झगडा तथा द्वन्द्वलाई सामाजिक मेलमिलापकर्ता तथा न्यायिक समितिबाट न्याय निरुपण तथा मेलमिलाप गरिने छ,
- प्रत्येक वडामा सञ्चालित मेलमिलाप केन्द्रलाई थप व्यवस्थित बनाउदै वडा तहमा नै मेलमिलाप गरी विवाद समाधान गर्ने नीति लिइने छ,
- सामाजिक विभेद, बहिष्कार र अन्याय गर्नेलाई निरुत्साहित गरी सामाजिक अभियानकर्ताहरूलाई उत्साहित तथा पुरस्कृत गरिदै लगिने छ ।
- **लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण**
- मोलुङ गाउँपालिकामा रहेको प्रत्येक योजना, कार्यक्रम, नीति निर्माण तथा कार्यक्रम कार्यान्वयन गर्ने पक्षमा लैङ्गिक समानता र सामाजिक समावेशीकरणको नीति अपनाइने छ ।
- महिलाहरूको क्षमता विकास तथा नेतृत्व विकासलाई जोड दिँदै लैङ्गिक समानता तथा महिला सशक्तीकरण, क्षमता विकास कार्यक्रमहरू सञ्चालनमा ल्याइने छ ।
- **महिला तथा वालवालिका**
- महिलामाथि हुने सबै प्रकारका हिंसाको अन्त्य गर्न सामाजिक संस्था, शैक्षिक संस्था र सरकारी निकायसँग सहकार्य गरी व्यापक **चेतनामूलक कार्यक्रम** सञ्चालन गरिने छ।
- सुत्केरी भेटघाट कार्यक्रमलाई अझ **व्यवस्थित** बनाइने र पोसिलो खाना वितरण प्रणालीलाई प्रभावकारी बनाइने छ।
- महिला प्रजनन स्वास्थ्य, सुरक्षित मातृत्व र लैङ्गिक हिंसाबाट हुने स्वास्थ्य प्रतिकूलता व्यवस्थापनलाई थप सुदृढ गरिने छ ।
- माध्यमिक विद्यालयहरूमा **किशोरीहरूका लागि आत्मरक्षा तालिम** सञ्चालन गरी हिंसा जन्य घटनाको रोकथाममा सहयोग गरिने छ।
- नवजात शिशुको जन्मपश्चात नोमिनल खाता खोली **गाउँपालिकाबाट निश्चित रकम** बचत गर्ने कार्यक्रमलाई निरन्तरता दिइने छ।
- महिलालाई व्यवसायिक तालिम, सहुलियत ऋण तथा सीप विकास कार्यक्रममार्फत आर्थिक रुपमा आत्मनिर्भर बनाइने छ।
- बालविवाह र बालश्रमको अन्त्यका लागि विद्यालय तथा समुदायस्तरमा चेतनामूलक कार्यक्रम र निगरानी प्रणाली सुदृढ गरिने छ।

- बालबालिकाका लागि नियमित खोप, पोषणयुक्त आहार, स्वास्थ्य परीक्षण तथा स्वच्छतामूलक कार्यक्रम सञ्चालन गरिने छ।
- हिंसा पीडित महिलालाई न्याय सुनिश्चित गर्न कानुनी सहायता तथा सुरक्षित आवास सेवा उपलब्ध गराइने छ।
- स्थानीय तथा नीति निर्माण तहमा महिलाको **समान सहभागिता** सुनिश्चित गर्न सकृय कार्यक्रम ल्याइने छ।
- विद्यालयमा यौन हिंसा, दुर्व्यवहार तथा भेदभावविरुद्ध **बालमैत्री, समावेशी वातावरण** निर्माण गरिने छ।
- **<u>युवा तथा खेलकुद</u>**
- **"स्वास्थ्यका लागि खेलकुद राष्ट्रका लागि खेलकुद"** को नीति अनुरुप मोलुङ गाउँपालिकाले युवा तथा खेलकुद क्षेत्रमा निम्न नीति अवलम्बन गर्नेछ।
- पालिकाका सबै वडाहरुमा युवा क्लबको गठन गरी विपद् व्यवस्थापन तथा स्वयंसेवी कार्य र सामाजिक जागरणका अभियानहरुमा युवा परिचालन गरिने छ।
- युवा डाटा बैंकको स्थापना गरिने छ।
- युवा सम्बन्धी कार्यक्रमहरुको कार्यान्वयनका सन्दर्भमा राष्ट्रिय युवा परिषद र प्रदेश सरकारसँग आवश्यक समन्वय गरिने छ।
- रामपुरमा विकास भइरहेको प्याफिट सहितको खेल मैदानलाइ जिल्ला स्तरीय प्याराफिट सहितको खेल मैदानको रुपमा विकास गर्न सङ्घीय सरकार तथा प्रदेश सरकारसंगको सहकार्यलाई थप निरन्तरता दिदै श्रीचौरको खेलमैदानलाइ पनि व्यवस्थित गरिने छ।
- गाउँपालिकाको स्वामित्वमा रहेको जमिनमा वहुउद्देश्यीय कभर्ड हल निर्माण तथा व्यवस्थापन गरिने छ।
- खेलकुद पर्यटन प्रवर्धन गर्न अन्तर पालिका स्तरीय खेलकुद प्रतियोगिता सञ्चालन गरिने छ।
- यूवाहरुलाई उनीहरुको ज्ञान र शिपको प्रयोग गरि उत्पादन र उत्पाकत्व बृद्धि गर्न प्रेरित गरिने छ।
- पालिका स्तरिय माध्यामिक तहको फुटवल प्रतियोगिताको आयोजना गरी विद्यार्थीहरुलाई रुचाएको खेलकुदमा सहभागि हुने र आफ्नो प्रतिभा पहिचान गर्ने वातावरणको सिर्जना गर्न सहजिकरण गरिने छ।
- **<u>श्रम तथा रोजगार</u>**
- युवालाइ सूचना प्रविधिको माध्यमबाट रोजगारी र उद्यमशिलता तर्फ आकर्षित गरिने छ। युवामा भएका अन्तरनिहित प्रतिभाको प्रस्फुटन सिप र क्षमताको विकास गर्न यसवा नीति निर्माण गरिने छ।
- यस गाउँपालिकामा सञ्चालित प्रधानमन्त्री रोजगार कार्यक्रमको माध्यमबाट रोजगारीकै लागि विदेशिनु पर्ने बाध्यत्मक परिस्थितिको अन्त्य गर्दै स्वदेश मै स्थानीय स्रोत साधनको उपयोग गरी ब्यापक रोजगारी सृजना गर्न E-MIS प्रणालीमा बेरोजगार ब्यक्तिको नाम सूचिकृत गरी थप व्यवस्थित गरिने छ।
- संविधान प्रदत्त रोजगार सम्बन्धी मौलिक हकको प्रत्याभुत गर्न कार्यविधि बनाई प्रधानमन्त्री रोजगार कार्यक्रमसँग समन्वय गरी निरन्तर रोजगारीको सृजना गरिने छ।
- स्थानीय स्तरमा उत्पादित वस्तु तथा सेवाको उपभोगलाई प्राथमिकता दिई उत्पादकत्त्व अभिबृद्धि, गरी रोजगारी सृजना र आय आर्जन बृद्धिमा जोड दिइने छ।
- संघ तथा प्रदेशले ल्याएका रोजगारमूलक कार्यक्रममा अपनत्त्व कायम गर्दै रोजगारीका क्षेत्र विस्तार गरिने छ।
- सामाजिक विभेदीकरणमा परेका र लक्षित बर्गलाई ध्यानमा राखी कार्यक्रमको निर्माण गरिने छ।

- दक्ष तथा सक्षम जनशक्तिको विकास गरी आन्तरिक रोजगारीको प्रवर्दन गर्न आवश्यक सिपमूलक तालिमको पहिचान गरी बेरोजगार व्यक्तिलाई तालिम दिने नीति लिईने छ।
- आन्तरिक रोजगारी सृजना गर्न सरोकारवाला निकाय र निजी क्षेत्रसँग सहकारी र समन्वयमा जोड दिईने छ।
- युवा तथा शैक्षिक बेरोजगारलाई प्राथमिकतामा राखी स्वरोजगारमुलक कार्यमा संग्लग्न स्थानीय युवा उद्यमीहरुलाई प्रोत्साहित गरिने छ।
- श्रम सम्बन्धलाई प्राथमिकता दिदै सार्वजनिक पूर्वाधार निर्माण, कृषि, ब्यवसायिक, उद्योग, वित्तीय क्षेत्रवाट रोजगारीको सिर्जना गरिने छ।
- पालिका स्तरिय योजनाहरुमा रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगारहरुलाई प्राथमिकतामा राखिने छ, मोलुङ गाउँपकालिकाको रोजगार सेवा केन्द्रवाट सञ्चालन हुने आयोजनाहरुमा आवश्यकताका आधारमा पालिकाको पुँजिगत कार्यक्रममा १००% समावेश गरी लागत साझेदारीलाई अबलम्बन गरिने छ।
- बैदेशिक रोजगारीबाट फर्केका, रोजगारी गुमाएका युवाहरुको सीप र क्षमताको भरपुर उपयोग गरी रोजगारी र विकास दुबैलाई महत्त्वका साथ कार्यान्वयन गरिने छ।
- कृषि र पर्यटनमा आधारित व्यवसायमा संलग्न हुन युवाहरुलाई प्रोत्साहन गरिने छ।
- मोलुङ गाउँपालिकालाई बालश्रम मुक्त पालिका बनाउन श्रम बजारको नियमित अनुगमन गरी बालश्रम मुक्त रहेको सुनिश्चित गरिने छ।

**उपस्थित महानुभावहरु,**

- अब म यस मोलुङ गाउँपालिकाको आ.व २०८२/०८३ को पूर्वाधार विकास तर्फको वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु।

**<u>सडक यातायात तथा पूल</u>**

- रामपुर प्राप्चा श्रीचौर सडकको कालोपत्रेको कामलाई गुणस्तर नियन्त्रण सहित समयमै काम सम्पन्न गर्न आवश्यक पहल गरिनेछ।
- मोलुङ गाउँपालिकाका सम्पूर्ण वडाहरु जोड्ने गरी सडक निर्माण गर्ने कार्यलाई निरन्तरता दिदै बनेका सडकहरुलाई थप मर्मत सम्भार गरिदै लगिने छ।
- सैमल-कोर्नाम-बिल्दु-ठाडे हुँदै यस गाउँपालिकालाई छिमेकी जिल्ला सोलुखुम्बू जोड्ने सडक आयोजनाको स्तरोन्नति गरिने छ।
- धोविखोला झोलुङ्गे पूल, बाघखोर झोलुङ्गे पूल निर्माणलाई प्राथमिकताका साथ अघि बढाइने छ।
- पहिरेखोला मोटरेवल पूल यहि आ व मा सम्पन्न गराउन पहल गरिने छ।
- गाउँपालिकाका सडकहरुलाई पालिका स्तरीय सडक, वडा स्तरीय सडक र अन्य सडकको रुपमा बर्गीकरण गरी सडकहरुलाई नियमित मर्मत तथा स्तरोन्नती गरिदै लगिने साथै सडकहरुको नामाकरण गरिने छ।
- सडक निर्माण र मर्मत कार्य गर्दा आवश्यकता र औचित्यताको अध्ययन गरी वातावरणीय प्रभाव मूल्याङ्कन अनुरुप सडक योजना छनौट गरिने छ।
- मोलुङ खोला सतिघाट मोटरेवल पूल मोलुङ ५ र ८ को निर्माणकार्य समयमा सम्पन्न गर्नका लागि सम्वन्धित पक्षसँग आवश्यक पहल कदमी गरिने छ।

- मोलुङ खोला बाख्रे खोलाखर्क मोटरेवल पूल मोलुङ ६ र ७ निर्माणमा लागि संघ तथा प्रदेश सरकारसँग आवश्यक पहल कदमी गरिने छ।
- पोक्तीङ खोला दोभानमा मोटरेवल पूल निर्माण गरी मोलुङ २ र ८ लाई सडक सञ्जालमा जोड्ने कार्यका लागि संघ तथा प्रदेश सरकारसँग आवश्यक पहल कदमी गरिने छ।
- मोलुङ गाउँपलिका भित्रका मुख्य सडक तथा गाउँपालिकाको केन्द्र वाट वडा कार्यालय जोड्ने सडकको स्तरोन्नतीलाई मुख्य प्रथामिकता दिइनेछ।
- ढुस्के विगुटार राँगादिप पात्ले सडक संघीय अनुदानबाट स्तरोन्नती गरिने छ।
- बाख्रे तालकोट सडक प्रदेश समपूरकबाट स्तरोन्नति गरिने छ।

**सिँचाई**

- मोलुङ गाउँपालिका भित्रका मूख्य खेती योग्य फाँटहरु जरायटार, रामपुरटार, झगरपुर, साईटार लगायतका स्थानमा सम्भाव्यता अध्ययन गरी थप सिंचाईको व्यवस्था गरिने छ। मोलुङ गाउँपालिका, प्रदेश सरकार, नेपाल सरकार र स्वीस सरकारको संयूक्त लागत साझेदारीमा सञ्चालन हुने साना सिचाँई कार्यक्रमलाई सम्भाव्यताका आधारमा नयाँ सिचाई आयोजना निर्माणमा निरन्तरता दिईने छ।
- बेमौसमी तथा हिंउदे तरकारी खेतीको लागि प्लाष्टिक पोखरी थोपा सिंचाई निर्माण गरी सिंचाइको प्रवन्ध गर्ने नीति लिइने छ।

**जलविद्युत**

- पालिकामा विस्तार भएको विद्युतलाई ABC केवलबाट प्रशारण गरी सुरक्षित गर्ने नीति लिइने छ।
- मोलुङ गाउँपालिका भित्रका सम्पूर्ण वडाहरुमा केन्द्रीय प्रसारण लाईन विस्तार गरिने छ।
- मूख्य सडकको आसपास, चोक लगायत मूख्य बजार क्षेत्रहरुमा सौर्य सडक वत्तीको व्यवस्था मिलाउने कार्यलाई निरन्तरता दिइने छ।

**भवन तथा शहरी विकास**

- मोलुङ गाउँपालिका भित्र कुनै पनि भौतिक पूर्वाधार निर्माण गर्दा गाउँपालिकाको पूर्वाधार व्यवस्थापन ऐन वमोजिम स्विकृति लिनु पर्ने व्यवस्थालाई प्रभावकारी रुपमा लागू गरिने छ, पूर्वाधार व्यवस्थापन ऐन वमोजिम स्विकृति नलिई निर्माण भएका भौतिक संरचनाहरुलाई कानुनको दायरामा ल्याईने छ।
- गाउँपालिका क्षेत्रभित्र व्यवसायिक वा आवासीय घर निर्माण गर्दा गाउँपालिकाबाट अनिवार्य नक्शा पास तथा अनुमति लिएर मात्र भवन तथा घर निर्माण गर्नु पर्ने व्यवस्थालाई पुर्णरुपमा लागू गरिने छ।

**सुचना प्रविधि तथा सञ्चार**

- मोलुङ गाउँपालिकाका मातहतमा रहेका कार्यालयहरु तथा विद्यालयहरुमा विद्युतीय हाजिरी (E-Attendance) क्रमश: लागू गर्दै लगिने छ।
- मोलुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, सम्पूर्ण वडा कार्यालयहरु, विद्यालय र स्वास्थ्य संस्थामा ब्रोड ब्याण्ड इन्टरनेट सेवा जडान भएका २० एमबिपिएस क्षमताको नन् डेडिकेटेड ब्रोड ब्याण्ड सेवालाई थप व्यवस्थित वनाउदै लगिने छ।
- गाउँपालिकाका प्रत्येक वडाहरुमा गुणस्तरयुक्त Free Wi-Fi सेवा सहितको इन्टरनेट सेवालाई थप व्यवस्थित गर्दै लगिने छ।
- गाउँपालिकाबाट प्रदान गरिने सेवा सुविधा, कार्यक्रम, सूचना प्रवाह प्रणालीलाई प्रभावकारी र पारदर्शी बनाउनको लागि website (वेवसाईट), Mobile App (मोबाईल एप) मार्फत समयमा सार्वजनिक गर्ने र अनलाइन सेवा प्रवाहलाई थप व्यवस्थित गरिने छ।

- वडा कार्यालयहरुबीच इन्टरनेटको माध्यमबाट रिपोर्ट प्रेषण तथा सुचना आदान प्रदान गर्ने प्रणालीलाई थप प्रभावकारी पारिने छ।

**वन तथा भू–संरक्षण**

- मोलुङ गाउँपालिका भित्रका परम्परागत रुपले व्यवस्थापन हुँदै आएका सामुदायिक वनलाई बिभिन्न काष्ठजन्य, कृषिजन्य, गैरकाष्ठजन्य कच्चा पदार्थ उत्पादन स्थलको रुपमा विकास गर्ने नीति लिइने छ।
- गाउँपालिकाको क्षेत्र भित्र रहेका सार्वजनिक जग्गा खाली जग्गा र भिर पाखाहरुमा बृक्षारोपण गर्ने नीति लिईनेछ।
- वनक्षेत्रमा उपलब्ध हुने चिराइतो, मछिनो, अम्रिसो, कुरीलो, वेदबाँस जस्ता विभिन्न प्रजातिका रुख विरुवा एवं जडीबुटीलाई व्यवसायिक खेतीतर्फ उन्मूख गरी आय आर्जनको माध्यम बनाउने नीति लिईने छ।
- भू-क्षय नियन्त्रण तथा जग्गा विकास, जलाधार संरक्षण, जैविक विविधता संरक्षण आदिमा विशेष ध्यान दिइने छ।
- सामुदायिक वनलाई पर्यटन उद्यम प्रवर्द्धन गर्ने नीति लिइने छ।
- खोला किनारामा भएका कटान तथा भूक्षयलाई रोक्न नियन्त्रणका लागि अवश्यक काम गरिने छ।

**वातावरण संरक्षण**

- विपद्जन्य घटनामा परेका पिडित नागरिकलाई प्रभावकारी राहत वितरणको कानून संसोधन गरिएको छ र प्रभावकारी राहत तथा सहायता उपलब्ध गराउने प्रणालीको विकास गरिने छ।
- उपयोगी विपद् जोखिम विद्युतीय नक्साङ्कनको काम गरिसकिएको छ। यसलाई आधार मानी विपद्को काममा थप प्रभावकारी बनाउन डिजिटलाइज गरी विपद्को प्रभावकारी पूर्व सूचना प्रणालीको विकास गर्ने तर्फ अघि बढ्न तयारी गरिनेछ।
- प्राकृतिक वातावरणको संरक्षण, पुनर्स्थापना र दिगो उपयोगमा जोड दिईने छ,
- वातावरण व्यवस्थापनको लागि संस्थागत विकास गर्ने विभिन्न निकायहरुको भूमिका र जिम्मेवारीमा स्पष्टता ल्याई पूर्वाधार विकास कार्यलाई वातावरणमैत्री बनाइने छ,
- जलवायु अनुकुलित गाउँपालिका प्रदुषण न्युनीकरण र दिगो विकासका लागि वातावरण मैत्री कार्यक्रमहरुलाई जोड दिइने छ।
- बर्षाको समयमा हुन सक्ने बाढी पहिरो रोकथाम गर्नका लागि सचेतना कार्यक्रम तथा तत्काल उद्धारको लागि प्रयोग हुने सामाग्री र जनशक्तिको व्यवस्थापन गरिने छ।
- वडा नं. २ टेकानपुरमा पहिरो जोखीम नियन्त्रण तथा रोकथाम कार्यक्रम सम्पन्न गरिएको छ, यो कार्यक्रमलाई निरन्तरता दिदै लगिने छ,

**उपस्थित महानुभावहरु,**

अब म यस मोलुङ गाउँपालिकाको आ.व २०८२/०८३ को संस्थागत विकास तथा सेवा प्रवाह तर्फको बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु।

**मानव संसाधन विकास**

- सामाजिक आर्थिक उद्यमशीलताको विकास गर्दै युवाहरुलाई रोजगारी तथा स्वरोजगार बन्न आवश्यक तालिम प्रदान गरिने छ।
- श्रम बजारको मागलाई आधार मानी आवश्यकता अनुरुपको जनशक्ति तयार गर्न उपयुक्त कार्यक्रमहरु तय गरी लागू गरिने छ।

**सामान्य प्रशासन र सेवा व्यवस्थापन**

- मालपोत तथा नापी कार्यालयबाट पाइदै आएको सेवा सुविधालाई स्थानीय तहबाट नै थप व्यवस्थित तरिकाले उपलब्ध गराउन श्रोत साधनको व्यवस्थापन र जनशक्ती व्यवस्थापन गरी प्रभावकारी सेवा उपलब्ध गराईने छ।
- जग्गा वर्गीकरणको कामलाई थप प्रभावकारी बनाउन वैज्ञानिक आधारमा व्यवस्थापन गरिने छ।
- सार्वजनिक सेवा प्रवाहलाई पारर्दशी, चुस्त, गुणस्तरीय र नागरिक मैत्री बनाउने नीति लिइने छ।
- वर्षको एक पटक प्रत्येक वडाहरुमा घुम्ती सेवा प्रदान गर्ने नीति लिइने छ।
- गाउँपालिकाभित्र सञ्चालित सार्वजनिक यातायातका साधनहरुलाइ एकिकृत भाडादर कायम गरी लागु गर्ने नीति लिइने छ।
- मोलुङ गाउँपालिकामा रहेका सार्वजनिक सवारी साधनले उपलब्ध गराउनुपर्ने सहुलियत (ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ती र विद्यार्थीहरु) लाई थप व्यवस्थित गर्न नियमित नियमन गर्ने नीति लिइनेछ।
- मोलुङ गाउँपालिका तथा मातहतका कार्यालयहरुमा सेवा करारमा कार्यरत कर्मचारीहरु कार्यालय सहयोगी, सवारी चालक तथा गाउँ प्रहरीहरुको कल्याणकारी कोष सञ्चालन गरिने छ। साथै मोलुङ गाउँपालिका तथा मातहतका कार्यालयहरुको सेवा करारमा कार्यरत सम्पुर्ण कर्मचारीहरुको सामाजिक सुरक्षा कोषमा आबद्ध गरिने छ।

**संस्थागत क्षमता विकास**

- समय सापेक्ष कर्मचारी र पदाधिकारीहरुको क्षमता विकासको लागि सयम समयमा तालिम, गोष्ठि, अभिमुखीकरणका कार्यक्रमहरु संचालन गर्ने नीति लिइने छ।
- लक्षित वर्गको मानवअधिकार सम्बन्धि विषयको कार्यान्वयनमा जोड दिइने छ।
- गाउँपालिका, वडा र विषयगत कार्यालयहरुमा सूचना प्रविधिमा आधारित उपकरणको व्यवस्था गरी सेवा प्रवाहलाई चुस्त दुरुस्त बनाउने नीति लिइने छ।
- कर्मचारीहरुलाई उच्च मनोवलका साथ काम गर्ने वातावरण निर्माण गरी कार्यसम्पादनको मुल्याङ्कनको आधारमा उचित प्रोत्साहन गर्ने नीति लिईने छ।
- कार्यालयमा कामको चापलाई मध्यनजर गर्दै नागरिकलाई छिटो छरितो सेवा प्रवाह गर्न स्विकृत दरवन्दी अनुसर कर्मचारीको पदपुर्ती गरिनेछ।

**राजश्व परिचालन**

- आ.व २०८२/०८३ देखि एकीकृत सम्पत्ति कर प्रणालीको अध्ययन गरी क्रमैसँग लागु गरिने छ, घर धुरी करको न्यूनतम वार्षिक दर निर्धारण गरी कार्यान्यनमा ल्याईने छ।
- गाउँपालिकाको आन्तरिक आम्दानी बृद्धि गर्ने स्रोतहरुको पहिचान गरी राजश्वको दायरामा ल्याइने छ।
- नागरिकहरुमा कर तिर्ने बानीको विकास गरी राजश्व चुहावट गर्ने प्रवृत्तिलाई निरुत्साहित गरिने छ।
- निकासी कर, पटके कर, व्यवसायिक कर, ढुङ्गा गिटी र वालुवाको उत्खनन् र निकासीबाट राजस्व संकलन गर्ने कार्यलाई अझ व्यवस्थित बनाई निरन्तरता दिईने छ।

**सुरक्षा व्यवस्थापन**

- गाउँपालिकाको केन्द्र, लगायत सुरक्षाको उच्च जोखिम रहेका क्षेत्रहरुमा CCTV तथा Shot Circuit Camera जडान गरी आवश्यक निगरानी राखिने कार्यलाई थप व्यवस्थित गरिने छ।
- चोरी, लागू औषध तथा अन्य आपराधिक क्रियाकलापहरुलाई नियन्त्रण गर्न सुरक्षा निकायसँग समन्वय र सहकार्य गर्ने नीति लिइने छ।

**स्थानीय तथ्याङ्क सङ्कलन र अभिलेख व्यवस्थापन**

- गाउँपालिकाको विभिन्न क्षेत्रसँग सम्वन्धित तथ्याङ्कहरु सङ्कलन कार्यलाई मूर्तरुप दिई गाउँपालिकाले निर्माण गरेको पार्श्वचित्रलाई थप अध्यावधिक गरिने छ।
- पालिका र वडा स्तरीय अभिलेख व्यवस्थापन कार्यलाई प्रविधिमैत्री बनाईने छ।
- गाउँपालिकाको सेवा प्रवाहको प्रभावकारिता र पारदर्शिता सम्वन्धमा प्रत्येक चौमासिकमा सार्वजनिक सुनुवाईको कार्यक्रम गर्ने नीति लिइने छ।
- कार्यालयको सुझाव पेटिका मार्फत प्राप्त गुनासाहरुलाई दैनिक रुपमा प्राप्त गरी फछर्यौट गर्दै जाने नीति लिईने छ।
- व्यक्तिगत घटना दर्ता प्रत्येक वडा कार्यालयहरुमा अनलाइन प्रणाली मार्फत संचालन गर्ने व्यवस्थालाई निरन्तरता दिईने छ।
- राष्ट्रिय परिचय-पत्र वितरणको लागि मोलुङ गाउँपालिकाको सेवा इकाईलाई व्यवस्थित गरिने छ।

**वेरुजु फछर्यौट**

- हालसम्मको बेरुजुलाई शुन्यमा झार्ने नीति लिइने छ।
- पेश्की दिने कार्यलाई निरुत्साहित गरिने छ।
- पुरानो पेश्की फछर्यौट गर्ने र वेरुजु बाँकी रहेका व्यक्ति वा संघ संस्थाहरुलाई अविलम्व पेश्की फछर्यौट गराउन आवश्यक पहल गरिने छ।

**अन्य नीतिहरु :-**

- प्रत्येक विकास निर्माणका योजनाहरुको बिस्तृत परियोजना प्रतिवेदन तथा वातावरणीय प्रभाव प्रतिवेदन निर्माण गरी अगाडि बढाईने छ।
- यस गाउँपालिकाको वडा नं.२ मा रहेको शहिद पार्कहरूलाई संरक्षण एवं सम्वर्द्धनमा बिशेष जोड दिईने छ।
- मोलुङ गाउँपालिका भित्र कार्यक्रम सञ्चालन गर्दै गरेका र कार्यक्रम सञ्चालन गर्ने लक्ष्य रहेका विभिन्न गैर सरकारी संघ संस्थाहरुलाई गाउँपालिकाको अनुमति लिएर मात्र कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाईने छ।
- साहित्य क्षेत्रको विकासका लागि मोलुङ साहित्य प्रतिष्ठानको स्थापना गरिने छ।
- गाउँपालिका भित्रका कला, सँस्कृति र सृजनामा लागेका सर्जकहरु तथा बौद्धिक व्यक्तित्त्वहरुलाई सम्मान तथा पुरस्कृत गरिने छ।

**उपस्थित महानुभावहरु,**

आ.व. २०८२/०८३ मा मोलुङ गाउँपालिकाको आय विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु । मोलुङ गाउँपालिकाको आ.व. २०८२/०८३ को बजेट सीमा देहाय बमोजिम रहेको छ ।

| सि.नं. | आम्दानीको विवरण | अनुमानित रकम |
|---|---|---|
| १ | आन्तरिक आय | 3,350,000.00 |
| २ | संघिय समानिकरण अनुदान | 82,000,000.00 |
| ३ | संघिय राजश्व बाँडफाँड | 79,326,552.00 |
| ४ | प्रदेश समानिकारण अनुदान | 7,082,000.00 |
| ६ | प्रदेश सवारी राजश्व बाँडफाँड | 5,320,000.00 |
| ७ | **संघीय ससर्त अनुदान (चालु तथा पूजिगत)** | 281,100,000.00 |
| | संघीय समपूरक अनुदान | 8,800,000.00 |
| | संघीय विषेश अनुदन | 16,500,000.00 |
| | प्रदेश ससर्त अनुदान **(चालु तथा पूजिगत)** | 4,594,000.00 |
| | प्रदेश समपुर अनुदान | 14,000,000.00 |
| | कूल जम्मा | **502,072,552.00** |

गरी आ.व. २०८२/०८३ को जम्मा अनुमानित आय रु **५० करोड २० लाख ७२ हजार ५ सय ५२** रहेको जानकारी गराउन चाहन्छु ।

आदरणीय उपाध्यक्षज्यू, वडा अध्यक्षज्यूहरु, कार्यापालिका तथा गाउँ सभाका सदस्यज्यूहरु, र राष्ट्र सेवक कर्मचारी मित्रहरु, सुरक्षा निकायका प्रमुख, राजनीतिक दल तथा दलका प्रतिनिधिज्यू, पत्रकार मित्र तथा सम्पूर्ण मोलुङ बासीहरुमा **"कृषि र पर्यटनमा आधारित समृद्ध मोलुङ"** को नारालाई आत्मसाथ गर्न साथ सहयोगको अपेक्षा गर्दै आर्थिक बर्ष २०८२/०८३ को बार्षिक नीति तथा कार्यक्रम समापन गर्दछु ।

धन्यवाद !

उत्तम राई
(अध्यक्ष)

ईति सम्बत २०८२ साल असार ८ गते १ रोज शुभम् ।